मिति २०८२/०५/२२ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८२/०५/२२ गते।

बैठक बसेको समयः बिहान ११:०० बजे।

उपस्थिति

क्र.सं.	पदाधिकारीको नाम, थर	पदाधिकारीको दर्जा	उपस्थिति
१.	श्री कर्णबहादुर मगर	गाउँ कार्यपालिका अध्यक्ष	
२.	श्री धनबहादुर पुलामी अशोक	गाउँ कार्यपालिका उपाध्यक्ष	
३.	श्री गोविन्दबहादुर राउत	वडा अध्यक्ष, १ नं. वडा	
४.	श्री मुकुन्दप्रसाद पौडेल	वडा अध्यक्ष, २ नं. वडा	
५.	श्री लालबहादुर स्याङ्तान	वडा अध्यक्ष, ३ नं. वडा	
६.	श्री खड्गबहादुर भुजेल	वडा अध्यक्ष, ४ नं. वडा	
७.	श्री भुपालसिंह तामाङ	वडा अध्यक्ष, ५ नं. वडा	
८.	श्री वीरबहादुर पुलामी	वडा अध्यक्ष, ६ नं. वडा	
९.	श्री युवराज पहाडी	वडा अध्यक्ष, ७ नं. वडा	
१०.	श्री कृष्णप्रसाद गौतम	वडा अध्यक्ष, ८ नं. वडा	
११.	श्री मोहनबहादुर गौतम	वडा अध्यक्ष, ९ नं. वडा	
१२.	श्री पुण्यहरी भुजेल	वडा अध्यक्ष, १० नं. वडा	
१३.	श्री तिलकबहादुर बस्नेत क्षेत्री	वडा अध्यक्ष, ११ नं. वडा	
१४.	श्री तारामाया श्रेष्ठ	गाउँ कार्यपालिका सदस्य	
१५.	श्री गंगामाया तामाङ	गाउँ कार्यपालिका सदस्य	
१६.	श्री सिम कुमारी आले	गाउँ कार्यपालिका सदस्य	
१७.	श्री युवमाया मस्राङ्गी	गाउँ कार्यपालिका सदस्य	
१८.	श्री कमलबहादुर दमै	गाउँ कार्यपालिका सदस्य	
१९.	श्री लोकबहादुर विक	गाउँ कार्यपालिका सदस्य	
श्री टंकबहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत		सचिव, गाउँ कार्यपालिका	

सहजकर्ता

श्री जीतेन्द्र गिरी, प्रविधिक प्राविं

श्री चन्द्रिका थापा, कार्यालय सहयोगी चाहिने.

Scanned with CamScanner

प्रस्ताव नं.	प्रस्तावको विषय	सम्बन्धित शाखा/वडा/ विषयगत समिति
१.	अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा	प्रशासन शाखा
२.	बाटो सरसफाइ सम्बन्धमा	पूर्वाधार विकास शाखा
३.	जग्गा भोगचलन तथा प्रयोग गर्ने सम्बन्धमा	भूमि शाखा
४.	पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको निर्णय अनुमोदन गर्ने	सामाजिक विकास शाखा
५.	बाल कल्याण अधिकारीको बेतलबी बिदा स्वीकृत तथा म्याद थप सम्बन्धमा	प्रशासन शाखा
६.	विविध	प्रशासन शाखा

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यसअघि मिति २०८२/०४/२३ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु समीक्षा गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको विद्यमान कच्चीबाटोहरुलाई चाडपर्व लक्षित गरी मर्मत तथा सरसफाइ गर्नुपर्ने भएकोले सरसफाइ कार्यलाई बढी प्रभावकारी र मितव्ययी समेत बनाउने गरी गाउँपालिका कार्यालयबाट सम्बन्धित वडा कार्यालयले तोकिएमा इन्धन उपलब्ध गराउने, गाउँपालिकामा सूचीकृत मेसिनबाट कार्य भ्याट सहित प्रति घण्टा रु. १३००।– (रु. एक हजार तीन सय) गराउने। साथै, वडा प्राविधिकहरुबाट तत्काल सर्भे गरी उक्त मर्मत जन्य कार्य गर्न प्रकृया शीघ्र अगाडि बढाउने निर्णय सर्वसम्मत निर्णय गरियो। साथै, वडाका मुल बाटोहरुको सरसफाई सम्बन्धी कार्य समेत यसै गाउँपालिकाबाट खरिद कानूनबमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तीनपाटन वडा नं. ११ म रहेको चकमके बजारको दक्षिणपट्टी रहेको, सच्चाई भवनको अगाडि र प्रस्तावित बसपार्क नजिक कृषि तथा पशु उत्पादनजन्य वस्तुहरुको बजारीकरणका लागि सहयोग पुर्याउने उद्देश्यले संकलन केन्द्र निर्माण गर्न उक्त स्थानको करीब १० धूर जग्गा भोगचलन र प्रयोग गर्ने उपलब्ध गराउने अध्यक्षस्तरको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०८२।५।२२ गते बिहान ८.०० बजे बसेको बैठकको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकामा मिति २०७९।१० ।०९ गते नियुक्त भएको बाल कल्याण अधिकारी श्री संगीता श्रेष्ठको दूर्घटनामा परी लामो समय यस कार्यालयमा उपस्थिति नभएको र हाल पुन कामकाज गर्ने भनी निवेदन प्राप्त भएकोले बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति गरी कामकाजमा लगाउन अनुपस्थित भएको समयको बेतलबी बिदा स्वीकृत गरी तथा म्याद थप समेत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. विविध माथि छलफल गर्दा वडा नं. ९ मा रहेको श्री माध्यमिक विद्यालय आम्बोटेबाट प्राप्त निवेदनको आधारमा विद्यालय भवन अगाडिको पहिरो हटाई विद्यालयलाई सुरक्षित र स्थायी पूर्वाधार संरचना निर्माण गर्न प्राविधिक ल.इ.को आधारमा आकस्मिक वा मर्मत कोष शीर्षकको बजेटबाट उक्त कार्य गर्ने। साथै, वडा नं. ७ मा रहेको भङ्याङ गाउँ पिपलडाँडा खानेपानी आयोजनाको खानेपानी ट्याङ्की अत्यन्त जोखिम रहेकोले वडा कार्यालयबाट प्राप्त निवेदनको आधारमा प्राविधिक ल.इ.को आधारमा आकस्मिक वा मर्मत कोष शीर्षकको बजेटबाट उक्त संरक्षणको कार्य गर्ने। साथै, गाउँपालिकाको आर्थिक सम्भावना रहेको गाँजा एवम् भांग बिरुवाहरुको खेती र उत्पादन गरी उक्त कार्यबाट उद्योग स्थापना गर्ने । साथै, उक्त उद्योगबाट स्थानीय युवाहरुलाई आन्तरिक रोजगारी समेत उत्पादन हुने भएकोले औद्योगिक प्रयोजनको लागि भांग खेतीलाई नियमन गर्न नियन्त्रण गर्ने सम्बन्धी कार्यविधि तयार गर्न अध्ययन गर्न सैद्धान्तिक स्वीकृति दिने सर्वसम्मत निर्णय गरियो।

उल्लिखित प्रस्ताव उपर सर्वसहमत निर्णय गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।